म र नबी (सल्लल्लाहु अलैहि वसल्लम) एउटै भाँडोबाट नुहाउने गर्दथ्यौं, जबकि हामीदुवै जुन्बी (अपवित्र) हुन्थ्यौं । त्यसैगरी म महिनावारी भएको बेला नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आदेश अनुसार आफ्नो गुप्ताङ्ग लुगाले बाँध्थेँ र त्यसपछि उहाँ मसँग मुबाशरत (सम्भोग बाहेक अन्य यौन क्रियाकलापहरू) गर्नुहुन्थ्यो

आस्थावानहरूकि आमा आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, म र नबी (सल्लल्लाहु अलैहि वसल्लम) एउटै भाँडोबाट नुहाउने गर्दथ्यौं, जबकि हामीदुवै जुन्बी (अपवित्र) हुन्थ्यौं । त्यसैगरी म महिनावारी भएको बेला नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आदेश अनुसार आफ्नो गुप्ताङ्ग लुगाले बाँध्थेँ र त्यसपछि उहाँ मसँग मुबाशरत (सम्भोग बाहेक अन्य यौन क्रियाकलापहरू) गर्नुहुन्थ्यो । त्यसैगरी उहाँ इतिकाफ (मस्जिदमा इबादतको लागि एकान्त बास बस्नु) मा हुँदा आफ्नो शिर मतिर (मस्जिदबाट) बाहिर निकाल्नुहुन्थ्यो र म महिनावारी हुँदा पनि उहाँको शिर धुने गर्थे ।
[सही] [मुत्तफकुन अलैहि]

उम्मुल मोमिनीन आइशा (रज़ियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँगका आफ्ना केही विशेष व्यक्तिगत अवस्थाहरू बारे बताउनुभएको छ। तीमध्ये एउटा यो हो कि सम्भोग पछि पवित्र हुनलाई उहाँ दुवै जना सगँ संगै एउटै भाँडोबाट पानी लिएर नुहाउने गर्थे । त्यसैगरी, जब उनी महिनावारीमा हुन्थिन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीसँग माया गर्न खोज्दा उनको शरीरलाई नाभिदेखि घुँडासम्म छोप्न आदेश दिनुहुन्थ्यो र सम्भोग बाहेक अन्य यौन क्रियाकलापहरू गर्नुहुन्थ्यो । त्यसैगरी उहाँ मस्जिदमा इतिकाफमा हुँदा आफ्नो शिर आइशा (रजियल्लाहु अन्हा) तिर बाहिर निकाल्नुहुन्थ्यो र उनी आफ्नो घरमा महिनावारी भएको बेला उहाँको शिरलाई धुने गर्थिन् ।

http://sunnah.global/hadeeth/ne/show/3476